**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७७।०७८ सालको निर्णय नं. १४६

पुनरावेदन नं. ०७५-RB-०२३३

**मुद्दाः– भन्सार मूल्य निर्धारण (M७८३९)**

जिल्ला काठमाडौं का.म.न.पा. वडा नं २२ स्थित हिल्सन मार्केटिङ्ग प्रा.लि.स्था.ले.नं.६००८०४४१९ को अधिकार प्राप्त अध्यक्ष पवन कुमार अग्रवाल.......................................................................................१ — पुनरावेदक

**विरुद्ध**

श्री सुख्खा बन्दरगाह भंसार कार्यालय, वीरगंज, पर्सा...............................१

श्री मुल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौं............................१

— प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री तारादेव जोशी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : उपन्यायाधिवक्ता श्री दीपक भण्डारी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- श्री सुख्खा बन्दरगाह भन्सार कार्यालय

शुरु कार्यालयको निर्णय मितिः–२०७४/१२/२३

**पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी**

मूल्य पुनरावलोकन गर्ने कार्यालय :- मुल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौं

मूल्य पुनरावलोकन निर्णय मिति : २०७५/०८/१०

श्री सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया पर्साबाट भएको मिति २०७४।१२।२३ को निर्णय र मुल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७५।०८।१० मा भएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ तथा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार रहेको छः-

## तथ्य खण्ड

१. पठारीकर्ता **Hilson Marketing Pvt. Ltd** ले **UAE** बाट तारेख ११/०२/२०१८ मा बिजक संख्या **RIE/SUGAR/037/17** बाट पैठारी गरी ल्याएको **White Refined Sugar Crop 2017-2018** को भन्सार मूल्य निर्धारणका लागि मिति २०७४/१२/२३ मा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ३ बमोजिम **USD** ३५० प्रति मे. टन मूल्य घोषणा गरी निवेदन पेश गरेको।

२. बिजकमा उल्लेखित मालवस्तुको घोषित मूल्य अन्य पैठारीकर्ताले घोषणा गरेको **Asycuda Database** तथा अन्य सूचना प्रणाली र लोकल मूल्य भन्दा कम देखिन आएकोले निजले घोषणा गरी ल्याएको मूल्य नै बास्तबिक कारोबार मूल्य हो भनी प्रमाणित गर्ने अन्य थप कागजात तथा प्रमाणहरु पेश गर्न पैठारीकर्तालाई गर्न मिति २०७४/१२/२३ को पत्रबाट पत्राचार गरेको।

३. पुनरावेदकले मिति २०७४/१२/२३ को पत्रानुसार पेश हुन आएका थप कागजात तथा प्रमाणहरुबाट समेत घोषित मूल्य बास्तबिक मूल्य हो भन्न सकिने अवस्था देखिएन, सो मूल्यको सत्यता पुष्टि हुन सकेको अवस्था नभएको हुँदा भन्सार ऐन, २०६४ को दफा १३(२) बमोजिम भन्सार मूल्य निर्धारण गर्न सकिएन, मूल्याङ्कन लागि प्राप्त भएको मालवस्तु जस्तै चारित्रिक गुण भएको **White Refined Sugar Crop 2017-2018** पाकिस्तान तथा अन्य देशबाट पैठारी हुँदा प्रति मे.ट. **USD** ४६० को दरले मूल्य कायम भएको यसै कार्यालयको अभिलेखबाट देखिदा भन्सार ऐन, २०६४ को दफा १३(९) बमोजिम यसअघि नेपालमा आयात भएको मालबस्तुसँग मिल्दो जुल्दो **(similar goods)** को कारोबार मूल्यको आधारमा निर्धारण गर्नुपर्ने देखिएकोले प्रति मे. टन मूल्य **USD** ४६० कायम गरी बिजकको मूल्य **CRF USD** १८२००० मा वृद्धि भएको मूल्य जोडी जम्मा बिजकको मूल्य **CRF USD** २३९२०० मा भाडा र अन्य खर्च समावेश गरी भन्सार मूल्य निर्धारण गरी सोही दफाको उपदफा १५(क) बमोजिम मालवस्तु जाँचपास हुने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालयले गरेको मिति २०७४/१२/२३ को निर्णय।

४. प्राप्त कागजातहरुको अध्ययन गर्दा, सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट मिति २०७४/१२/२३ मा भएको निर्णय कानून सम्मत देखिंदा सदर हुने ठहर्छ भन्ने समेत बेहोराको मुल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७५/०८/१० मा भएको निर्णय ।

५. भन्सार ऐन, २०६४ को दफा १३(६) बमोजिम विपक्षी कार्यालयबाट माग गरे बमोजिमका कागजात प्रमाण पेश गरिएकोमा सोको अध्ययन एवम् विश्लेषण नै नगरी आफूखुसी कुनै ठोस आधार कारण बिना मूल्य निर्धारण गर्न सकिएन भनी **USD** ३५० प्रति मे.टनलाई मान्यता नदिई **USD** ४६० प्रति मे. टन कायम गरिएको, विपक्षीले निर्णय पर्चा खडा गरी निर्णय गर्नुपर्नेमा सो नगरी अर्धन्यायिक अधिकारीले सादा कागजमा टिपोट गरी केही बेहोरा नखुलाई निर्णय गरेको, विपक्षीबाट भन्सार मूल्य निर्धारण गर्दा अपनाउनुपर्ने भंसार ऐन एवम् अन्य पालना गर्नुपर्ने सिद्धान्त पालना नगरिएको, मिल्दोजुल्दो **(similar goods)** भएको आधार र कारण खुलाई पुष्टि गर्नुपर्नेमा नगरी आफूखुसी मनोगत तर्क गरी मूल्य कायम गरेको, भन्सार मूल्य निर्धारणका लागि **General Agreement on Tariff and Trade 1994** द्वारा निश्चित गरिएका कार्यविधि पालना नगरिएको, कारोबार मूल्य विश्लेषण गर्दा **Asycuda World Data Base** बाट उपलब्ध भएसम्मको पछिल्लो ९० दिन भित्रको तथ्याङ्क समेत विश्लेषण गर्नुपर्नेमा **Asycuda World System** मा रहेको अभिलेख हेर्दा सुख्खा बन्दरगाह कार्यालयको कुनै निश्चित आधार कायम गरी जाँचपास भएको नदेखिएको, **Invoice** बमोजिमको **USD** १८२००० लाई मान्यता नदिई **USD** २३९२०० कायम गरी थप महसुल असुल उपर गरेकोले अन्याय भएको, पुनरावेदकले कायम गरेको कारोबार मूल्यलाई मान्यता नदिई भन्सार मूल्य निर्धारण गर्नु सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त, फैसला समेतको विपरित हुँदा प्रत्यर्थी कार्यालयबाट मिति २०७४/१२/२३ मा भएको कानून विपरितको काम कारवाही, निर्णय एवम् भन्सार मूल्य निर्धारण समेत त्रुटिपूर्ण रहेकोले सोलाई बदर गरी हाम्रो घोषित मूल्यलाई मान्यता दिलाई हामीबाट बढी धरौटी असुल उपर गरी लिएको रकम रू.३९,०६,४१७।— विपक्षीबाट फिर्ता पाउने फैसला गरी न्याय ईन्साफ दिलाई पाउँ भन्ने समेत बेहोराको पुनरावेदक हिल्सन मार्केटिङ्ग प्रा.लि. का तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५।११।१३ मा पेश भएको पुनरावेदन पत्र।

६. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ प्रत्यर्थी झिकाउने गरी मिति २०७६।०५।२५ मा यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

७. नियम वमोजिम पेशी सूचीमा चढी निर्णयार्थ समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, शुरु कार्यालयबाट प्राप्त मिसिल समेत अध्ययन गरी पुनरावेदक हिल्सन मार्केटिङ प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री तारादेव जोशीले पुनरावेदक करदाताले ४ वटा प्रज्ञापनपत्रबाट पाकिस्तानबाट M९९२५ बाट ४०० को दर, M६८९१ बाट ३६०, M५७७६ बाट ३५० र M७८३९ बाट ३५० का दरले चिनी आयात गरेकोमा भंसार कार्यालयले हचुवाका भरमा USD ४६० प्रति मे. टन मूल्य कायम गरेको मिलेन, ऐनको दफा १३(२) कारोबार मूल्यलाई मान्यता दिनुपर्ने हो तर ऐ.दफा १३(९) बमोजिम **Similar goods** को आधार भनि मूल्य निर्धारण गरेको मिलेन। कारोबार मूल्य नमान्ने हो भने समरुप मालवस्तुमा (**Indentical Goods**) जानुपर्छ एकै चोटी ऐ.ऐनको १३(९) मा जान मिल्दैन। ३ वटा प्रज्ञापनपत्रमा १३(९) र १ वटा प्रज्ञापनपत्रमा १३(१२) अनुसार गरेको आधार कारण समेत खुल्दैन। वास्तविक मुल्यभन्दा फरक प्रति मे.टन ४६० अमेरीकी डलर भन्सार मूल्य कायम गर्ने गरी सुरु भन्सार कार्यालयबाट भएको निर्णय तथा उक्त निर्णयलाई सदर गर्ने गरी मूल्याङ्कन पुनरावलोकन समिति त्रिपुरेश्वरबाट भएको निर्णय समेत कानूनसम्मत नभएको हुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री दीपक भण्डारीले पैठारीकर्ताबाट पेश भएको बिजकमा उल्लेख गरिएको मालवस्तुको मूल्य अन्य पैठारीकर्ताले घोषणा गरेको Asycuda Database को मूल्यभन्दा कम भएको तथा अन्य सूचना प्रणाली एवं स्थानीय मूल्यभन्दा कम भएको कारण निजले घोषणा गरेको मूल्य वास्तविक मूल्य हो भन्ने अवस्था नभएको र सो कुराको प्रमाण समेत पैठारीकर्ताबाट पेश नभएको कारण प्रत्यर्थीहरुबाट गरेको निर्णय कानूनसम्मत रहेको छ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

८. पुनरावेदक पैठारीकर्ताका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुबै तर्फबाट उपस्थित हुनुभएका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत बहसका बुँदाहरु र मिसिल संलग्न कागज एवं प्रमाणहरुको अध्ययन गरी हेर्दा विपक्षी कार्यालयहरुबाट पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा घोषणा गरेको कारोवार मूल्यलाई मान्यता नदिई थप मूल्य कायम गर्ने गरी गरेको निर्णय मिलेको छ, छैन? पुनरावेदकको माग वमोजिम आयातित मालबस्तुको कारोबार मूल्य कायम हुनुपर्ने हो, होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

९. अव निर्णयतर्फ विचार गर्दा, पैठारीकर्ता हिल्सन मार्केटिङ प्रा.लि. ले प्रज्ञापन पत्र नं.७८३९ बाट White Refined Sugar परिमाण २६० मे. टन आयात गरी ल्याई सोको मूल्य निर्धारणका लागि सुख्खा भन्सार कार्यालय, सिर्सिया पर्सामा भन्सार ऐन, २०६४ को दफा १३(३) वमोजिम प्रति मे.टन. ३५० अमेरिकी डलर कारोबार मूल्य घोषणा गरी निवेदन पेश गरेको देखिन्छ। बिजकमा उल्लिखित मालवस्तुको घोषित मूल्य अन्य पैठारीकर्ताले

घोषणा गरेको Asycuda Database तथा अन्य सूचना प्रणाली तथा लोकल मूल्य भन्दा कम हुने गरी घोषणा गरेकोले पैठारीकर्ताले घोषणा गरेको मूल्य वास्तविक नभएको भनी सो वस्तुको प्रति इकाई मूल्य ४६० अमेरिकी डलर प्रति मे.टन कायम गरी मालवस्तुको जाँचपास हुने भनी सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट निर्णय भएको देखिन्छ। निवेदकको दाबी तथा कार्यालयबाट प्राप्त प्रतिक्रिया समेतको अध्ययन/विश्लेषण गर्दा पैठारीकर्ताले पेश गरेको कागजातबाट मात्र निजको बिल मूल्यलाई यथार्थ मान्न सकिने अवस्था नरहेकोले सुख्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार ऐन, २०६४ को दफा १३(९) वमोजिम कायम गरेको मूल्य USD ४६० प्रति मेट्रिक टन कानून सम्मत नै रहेको भनी मूल्याङ्कन पुनरावलोकन समितिबाट समेत निर्णय भएको देखिन्छ। हाम्रो कम्पनीले पैठारी गरेको Commercial Invoice को मूल्य वास्तविक भएको र बिजक मूल्य पनि यथार्थ भएको अवस्थामा कम्पनीले पेश गरेको Invoice तथा कागजातहरु सही भएको देख्दा देख्दै कम्पनीले घोषणा गरेको भन्सार मूल्यलाई मान्यता नदिने गरी प्रत्यर्थी कार्यालयहरुबाट भएको निर्णय त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ भन्ने नै करदाताको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

१०. पुनरावेदक पैठारीकर्ताले मिति २०७४/१२/२३ मा भन्सार ऐन, २०६४ को दफा १३(३) वमोजिम मालबस्तु पैठारी गर्दा घोषणा गरेको कारोबार मूल्यलाई अध्ययन गर्दा उक्त मूल्य Asycuda Database अन्य सूचना प्रणाली तथा लोकल मूल्य भन्दा कम भएको भन्ने प्रत्यर्थीहरुको विश्लेषण रहेको देखिन्छ। भन्सार ऐन, २०६४ को दफा १३(६) मा "पैठारीकर्ताले उपदफा ३ वमोजिम घोषणा गरेको मूल्य शंङ्कास्पद छ भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा भन्सार अधिकृतले निजसँग त्यस्तो मूल्य वास्तविक कारोवार मूल्य हो भनी प्रमाणित गर्न थप कागजात वा प्रमाण लिखित रुपमा माग गर्न सक्नेछ। त्यसरी माग भएका कागजात उपलब्ध गराउने जिम्मेवारी त्यस्तो पैठारीकर्ताको हुनेछ।" भन्ने व्यवस्था रहेको देखिन्छ। पैठारीकर्ताले उल्लेखित ऐनको व्यवस्था वमोजिम Commercial Invoice लगायतका अन्य कागजातहरु पेश गरेको भन्ने समेत जिकिर लिएको देखिन्छ।

११. पैठारीकर्ताबाट आयातित White Refined Sugar बस्तुको समान चारित्रिक गुण भएका वस्तु पाकिस्तान तथा अन्य देशबाट अन्य पैठारीकर्ताले आयात गर्दा प्रति मेट्रिक टन USD ४६० का दरले भन्सार मूल्य कायम गरिएको भन्ने सुख्खा भन्सार कार्यालय, वीरगंजको अभिलेखबाट समेत देखिएको भन्ने छ। भन्सार ऐन, २०६४ को दफा १३(९) ले "...समरुपका मालवस्तुको कारोबार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तुको भन्सार मूल्य नेपालमा पहिले पैठारी भएको मिल्दोजुल्दो मालबस्तु (Similar Goods) को कारोबार मूल्यको आधारमा निर्धारण गरिनेछ।" भन्ने व्यवस्था निर्दिष्ट गरेको छ। यसरी सोही भन्सार नाकाबाट पैठारी भएको समान प्रकृतिको मालवस्तुको

अघिल्लो कारोबार मूल्य USD ४६० प्रति मे.टन भएको स्पष्ट Database रहेको अवस्थामा सोलाई आधार लिई पैठारीकर्ताले घोषणा गरेको मूल्य USD ३५० लाई अमान्य गर्ने गरी सुख्खा भन्सार कार्यालय सिर्सियाले गरेको निर्णयलाई अन्यथा भन्न मिलेन।

१२. पैठारीकर्ताले पैठारीको क्रममा पेश गरेको कागजातहरुको आधारमा आफूले पेश गरे बमोजिम कारोबार मूल्य कायम हुनुपर्ने भन्ने जिकिर लिएतापनि निजले पैठारी गरेको मालवस्तुको मूल्याङ्कन भन्सार ऐन, २०६४ को परिच्छेद ५ मा रहेको भन्सार मूल्य निर्धारण सम्बन्धी व्यवस्थाको दफा १३ ले तोकेको विधि तथा प्रक्रियाको आधारमा भएको नदेखिँदा पैठारी गरेको चिनीको कारोबार मूल्य ३५० USD प्रति मे.टन नै कायम हुनुपर्छ भनी लिएको जिकिर मिलेको देखिन आएन।

१३. तसर्थ माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट स्थायी लेखा नं. ६००८०४४१९ भएका पुनरावेदक पैठारीकर्ता हिल्सन मार्केटिङ प्रा.लि. बाट भएको कारोवार मूल्यको घोषणा सम्बन्धमा सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साबाट बिजकमा उल्लेखित मालवस्तुको प्रति इकाई मूल्य USD ३५० लाई मान्यता नदिई CRF USD ४६० प्रति मे.टन कायम गर्ने गरी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ वमोजिम भन्सार मूल्य निर्धारण गरी सुख्खा बन्दरगाह भंसार कार्यालयबाट मिति २०७४/१२/२३ मा भएको निर्णय तथा सोलाई सदर गर्ने गरी मूल्यांकन पुनरावलोकन समिति काठमाडौंबाट मिति २०७५/०८/१० मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नु।

## <u>तपसिल खण्ड</u>

फैसलाको प्रतिलिपि सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु............................................................................१

सरोकारवालाले फैसलाको नक्कल माग गरे कानून बमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनु...........................................................................................२

प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनु.................................................................३

विनोद शर्मा

(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ ।

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

<u>लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईंको फरक राय</u>

१) यसमा सुख्खा बन्दरगाह भन्सार कार्यालय, विरगन्जबाट मिति २०७५/०१/०४ र मूल्याङ्कन पुनरावलोकन समितिको मिति २०७५/०८/१० मा भएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२(१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने यो मुद्दा दर्ता गर्दा ऐ ऐनको दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम मू.अ.कर सहित थप भन्सार महशुल रु.३९,०६,४१७/- प्रज्ञापनपत्र M७८३९ बाट मिति २०७५।०१।१९ मा दाखिला भएको देखिन आएको भनी स्रेस्तेदारबाट स्वीकृत भएको प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दाका बखत लाग्ने धरौटी सम्बन्धमा संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

२) भन्सार ऐन,२०६४ को दफा १३ बमोजिम गरेको निर्णय वा आदेशउपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि त्यस्तो निर्णय वा आदेश भएको मितिले पन्ध्र दिनभित्र भन्सार ऐन,२०६४ को दफा ६१ को उपदफा (१) बमोजिम निवेदन दिनुअघि दफा १३ बमोजिम जाँचपास गर्नु पर्ने सामानको मुल्याङ्कन अनुसार दफा ७३ र दफा ७४ मा तोकिएबमोजिम ID रु.१८,३५,४३५/-, AID रु.९,१७,७१७/-, VAT रु.११,५३,२६५/- समेत भन्सार महशुल वापत जम्मा रु.३९,०६,४१७/- मात्र दफा ६१ को उपदफा (७) बमोजिम प्रज्ञापनपत्र M७८३९ बाट मिति २०७५।०१।१९ मा भन्सार कार्यालयमा रकम दाखिला गरी मूल्याङ्कन पुनरावलोकन समितिमा निवेदन दिएको देखिन्छ।

३) भन्सार ऐन,२०६४ को दफा १३ बमोजिमको निर्णय वा आदेश बाहेक भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुल वा भन्सार अधिकृतले दिएको दण्ड सजायाको आदेश वा गरेको निर्णय वा ऐनको दफा ६१ बमोजिम गठित मूल्याङ्कन पुनरावलोकन समितिले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको वा दण्ड सजाय दिएको वा निर्णय भएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था ऐ ऐनको दफा ६२ ले गरेकोछ । यस

दफा बमोजिम पुनरावेदन दिने व्यक्तिले जुन निर्णय वा आदेश विरुद्ध पुनरावेदन गर्ने हो सो निर्णय वा आदेश बमोजिम लाग्ने महसुल र दण्ड जरिबानाको शतप्रतिशत रकम सम्बन्धित भन्सार कार्यालयमा धरौटी नराखी पुनरावेदन लाग्न नसक्ने राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) मा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा वा उच्च अदालतमा पुनरावेदन गर्दाका देहायबमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन" भन्ने व्यवस्था रही ऐ. को खण्ड (ख) मा भन्सार महशुल र अन्तःशुल्क तर्फ राख्नु पर्ने धरौटी रकम सम्बन्धमा स्पष्ट उल्लेख गरेकोछ । सो व्यवस्था बमोजिम राखिने धरौटी आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६२, हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६३ बमोजिमको धरौटी खातामा दाखिला गरी पुनरावेदन दर्ता गर्दाका बखत राखिएको धरौटी गोश्वारा र व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरी अद्यावधिक गरी राख्नु पर्ने हुन्छ। आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३, हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२ को देहाय खण्ड (क) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रुपमा बुझाउन र खण्ड (ख) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रुपमा बुझाउनु परेमा खण्ड (ग) मा सम्बन्धित कार्यालयले प्रचलित कानून बमोजिम धरौटी राख्नु पर्ने भनी तोकेकोमा त्यस्तो धरौटी रकम दाखिला गर्नु ।धरौटीको रुपमा राख्नु पर्ने स्पष्ट उल्लेख छ।

४) राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख भए अनुसार पुनरावेदन दर्ता गर्दाका बखत राख्नु पर्ने धरौटी रकम सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा सूर्य टोवाको कम्पनी प्रा.लि.को तर्फबाट सञ्चालक हर्ष एम दर र ऐ. कम्पनीको शेयरवाला शशीराज पाण्डे समेत विरुद्ध राजस्व न्यायाधिकरण काठमाण्डौ समेत भएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेतसँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरिपाउन भनी दिएको रिट नं २०६३-WS-००१३, २०६३-WS-००१४, २०६३-WS-००१५, २०६३-WS-००१६ र २०६३-WS-००१७ समेतका रिट निवेदनमा "राजस्व न्यायाधिकरणका श्रेस्तेदारको मिति २०६४।१२।८ को दरपीठ आदेश र उक्त दरपीठ सदर गरेको राजस्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानून बमोजिम निर्णय गर्नु भन्ने राजस्व न्यायाधिकरणका नाउँमा परमादेश जारी गरी पाऊँ, अन्तःशुल्क ऐन, २०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने कुनै कानूनी व्यवस्था नगरिएको तथा ऐनको दफा २४ ले यस ऐनलाई अन्य कानून भन्दा माथिल्लो स्तरमा राखेकोले ऐनको सर्वोच्चताका आधारमा पनि धरौटी राख्नु पर्ने राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेत सँग बाझिएकोले

धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरी प्रस्तुत निवेदनलाई अग्राधिकारमा पेशी चढाई पाउँ" भन्ने दावी रहेकोमा सो दावीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०६६।१२।१९ मा "संविधानमा रहेको 'कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने' भन्ने वाक्यांशसँग बाझिएको भन्ने देखिन आएन, अमान्य र बदर घोषित गरीपाउँ भनी दावी लिएको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिंदा सो हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ" भन्ने आदेश भई रिट निवेदन खारेज भई ऐनको दफा ९ को कानूनी व्यवस्थाको संवैधानिक परीक्षण समेत भएको छ।

५) उल्लिखित सर्वोच्च अदालतबाट रिट नं २०६३-WS-००१३ समेतका रिट निवेदनमा भएको फैसलाका आधारमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिंदा आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (६) मा तोकिए बमोजिमको रकम दाखिला गरेपछि मात्र प्रशासकीय पुनरावेदन लाग्ने र राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी जम्मा गरेपछि मात्र प्रशासकीय पुनरावलोकनको निर्णयको विरुद्धमा राजस्व न्यायाधिरणमा मुद्दा लाग्ने व्यवस्था भएकोले ऐनमा स्पष्टरुपमा तोकिएको र सम्मानित सर्वोच्च अदालतका फैसलामा उल्लेख भए अनुसार नै कर रकम र धरौटी रकम दाखिला भएको प्रमाण संलग्न गराएर मात्र दर्ता प्रकृया अगाडि बढाउनु पर्ने देखिन्छ। अतः सर्वोच्च अदालतको मिति २०६६।१२।१९ को आदेशबाट समेत संवैधानिक परीक्षण भई राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी नराखी राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्न नसक्ने भनी स्पष्ट लेखिएको छ।राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) अनुसार पुनरावेदन गर्दा अनिवार्य रुपमा दाखिला गर्नु पर्ने धरौटी वापतको रु.३९,०६,४१७/- आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६२, हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६३ बमोजिमको धरौटी खातामा जम्मा गरेको भौचर वा प्रमाणित निस्सा मिसिलमा संलग्न देखिएन।

६) प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दाका वखत राख्नु पर्ने धरौटी दाखिला भएको नदेखिएको सन्दर्भमा पुनरावेदक तथा प्रत्यर्थी तर्फका विद्वान अधिवक्तालाई म लेखा सदस्यबाट धरौटी रकम दाखिला भएको देखिएन भनी प्रष्ट पार्न अनुरोध गर्दा पुनरावेदकको तर्फका विद्वान अधिवक्ता श्री तारादेव जोशीबाट निर्धारित भन्सार महसुल सामान जाँचपास गर्दा प्रज्ञापनपत्र M७८३९ बाट मिति २०७५।०१।१९ मा रु.३९,०६,४१७/- दाखिला भएकोले सोको आधारमा पुनरावेदन दर्ता भएको हो भन्ने बहस र प्रत्यर्थी तर्फका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीबाट राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) बमोजिम पुनरावेदन दर्ता गर्दाका बखत राख्नु पर्ने विवादित भन्सार

महसुलको शत प्रतिशत रकम धरौटी दाखिला गरेको देखिँदैन। सो सम्वन्धमा सम्मानित इजलासबाट यकिन गरी नियमानुसार हुने नै छ भन्ने बहस समेत सुनियो ।

७) यस न्यायाधिकरणले पुनरावेदन दर्ता गर्दाका वखत रु.३९,०६,४१७/- धरौटी दाखिला गरेको बैंक भौचर/निस्सा मिसिलमा समावेश रहे/नरहेको, धरौटी रकम पुगे/नपुगेको यकिन गरेर मात्र पुनरावेदन दर्ता गर्नु पर्नेमा सो गरेको समेत देखिएन।माथिल्लो प्रकरणमा उल्लिखित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त र सम्वन्धित ऐनका दफाहरु समेतका आधारमा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम राख्नु पर्ने विवादित (भन्सार महसुल, थपमहसुल र मू.अ.कर) रु.३९,०६,४१७/- को शतप्रतिशतले हुने धरौटी रु.३९,०६,४१७/- दाखिला गरेको नदेखिएकोले धरौटी दाखिलाको सक्कल बैंक भौचर वा निस्सा १५ दिनभित्र पुनरावेदकलाई पेश गर्न लगाई सो आदेश बमोजिमको काम सम्पन्न भएपछि वा सो अवधि नाघेपछि नियमानुसार पेश गर्ने आदेश गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट इजलासमा व्यक्त गरेकोमा सो रायमा असहमति जनाउँदै माननीय अध्यक्ष र राजस्व सदस्यबाट सामान जाँचपास गर्दा लाग्ने भन्सार महसुल रु.३९,०६,४१७/- दाखिला भएको भनी फैसला गर्ने राय व्यक्त भएकोले उक्त रायमा सहमत हुन सकिएन।

८) अतः भन्सार ऐन,२०६४ को दफा ६२ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिंदा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दाका वखत राख्नु पर्ने धरौटी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६२ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६३, सर्वोच्च अदालतबाट रिट नं २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट निवेदनमा प्रतिपादित सिद्धान्त तथा ठहर समेत बमोजिम पनि अनिवार्य रुपमा राख्नु पर्ने देखिएको धरौटी नराखेको प्रस्तुत मुद्दामा माननीय अध्यक्ष र राजस्व सदस्यबाट भएको रायमा सहमत हुन नसकी देहाय बमोजिम फरक राय लेखेकोछुः-

भन्सार ऐन,२०६४ को दफा ६१ को उपदफा (७) अनुसार पुनरावलोकनका लागि मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिंदा दफा १३ बमोजिम गरेको मूल्याङ्कन अनुसार लाग्ने विवादित महशुल रु.३९,०६,४१७/- मात्र ऐ. ऐनको दफा ७३ र दफा ७४ मा तोकिएबमोजिम मिति २०७५।०१।१९ मा दाखिला भएको मिसिल संलग्न प्रज्ञापनपत्र M७८३९ बाट देखिएको तर सोही ऐनको दफा ६२ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दाका बखत अनिवार्य रुपमा दाखिला गर्नु पर्ने राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) बमोजिम विवादित भन्सार महशुलको शत-प्रतिशतले हुने रु.३९,०६,४१७/- धरौटी नराखेको अवस्थामा मिति २०७५।११।१३

मा पुनरावेदन पत्र दर्ता भएको देखिएको प्रस्तुत मुद्दा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम खारेज हुने ठहर्छ। नियमानुसार गर्नू।

(पुष्प प्रसाद गुरागाईं)
लेखा सदस्य

<u>फैसला तयारीमा सहयोग गर्नेः</u>-

शाखा अधिकृतः-सनिता लामा

टिपोटमा सहयोग गर्नेः ना.सु.सुनिता थापा

ईति सम्वत् २०७७ साल चैत २३ गते रोज् २ शुभम्.................................................